# रोल्पा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लिवाङ रोल्पा

**शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१६)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६१ बमोजिम यस नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ एक बर्षको लागि रोल्पा नगरपालिकाले तोकेको दरमा नघट्ने गरी कवाडी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्रको प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशीत गरिएकोछ।

**तपसिलः-**

| सि. नं. | सूचना नं./ शिलबन्दी दरभाउपत्र नं. | शिलबन्दी दरभाउपत्रको नाम | न्यूनतम शिलबन्दी दरभाउपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक | धरौटी रकम | शिलबन्दी दरभाउपत्र दस्तुर फाराम शिलबन्दी दरभाउपत्र (रु.) |
|---|---|---|---|---|---|
| १ | RM/ROLPA/SQ/ W/02/2082/083 | कवाडी कर | ४,००,०००।- चारलाख रुपैयाँ मात्र | कबोल अङ्कको पाँच प्रतिशत | १०००।- एकहजार मात्र |

**शर्तहरुः-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको वा नेपाल बैंक लिमिटेड शाखा कार्यालय लिवाङ रोल्पामा रहेको यस कार्यालयको खाता नं. ०७६०३०००००१००१०००००१ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १६औं (२०८२/०५/३१) दिनको १२.०० बजेसम्म शिलबन्दी दरभाउपत्र फाराम विद्युतीय माध्यमवाट शिलबन्दी दरभाउपत्र पेश गर्न चाहने शिलबन्दी दरभाउपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको वा तोकिएको यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा कार्यालय लिवाङ रोल्पामा रहेको धरौटी खाता नं. ०७६०३०००००३००१०००००१ जम्मा गरी

प्रमुख प्रशासकीय अधिकृत

सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा शिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम (२०८२/०५/३१) दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि शिलबन्दी दरभाउपत्र-खोल्ने समयमा उपस्थित नभएमा शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. शिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ र रीत नपुगी वा शर्तसहित पेश हुन आएका शिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. शिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सोको सूचना भएको मितिले १५ दिनभित्र कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल श्रावन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर शिलबन्दी दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत